# स्माइल ट्रेन काटिएको ओठ तथा तालु दुध खुवाउने सिफारिशहरू

1 **केही बालबालिकाको जन्मदेखि ओठ तथा तालु काटिएको हुन्छ** – उनीहरूको ओठमा प्वाल, छिद्र वा लामो चिरा हुन्छ वा उनीहरूको मुखको माथि भागमा प्वाल हन्छ (जुन बाहिरबाट नदेखिन सक्छ)।



2 **शल्यक्रिया गर्नु धेरै महत्वपूर्ण छ** किनभने यो नगरि बच्चाले उचित रूपमा नबोल्न सक्छ, संक्रमणहरूको जोखिममा वृद्धि हुन सक्छ, र खाना तथा दुध खाँदा समस्याहरू हुन सक्छ।



3 स्माइल ट्रेन साझेदार अस्पतालमा **स्माइल ट्रेन शैल्यचिकित्सकले यस दोषलाई नि:शुल्क ठीक गर्न सक्छन्**। यस दोषलाई पूर्ण रूपमा ठीक गर्नको लागि शल्यक्रिया एक मात्र उपाय हो।



4 शल्यक्रिया गर्नको लागि **स्वस्थ र** बलियो हुन ओठ तथा तालु काटिएका बच्चाहरूलाई पर्याप्त मात्रामा दुध खुवाउन जरूरी हुन्छ।



5 **तर – कहिलेकाहीँ ओठ तथा तालु काटिएका बच्चाहरूलाई दुध खुवाउन गाह्रो हुन्छ** किनकि दुध नाकबाट बाहिर निस्कन सक्छ वा उनीहरूको फोक्सोमा पनि जान सक्छ। वा बच्चाहरूले हावामा चुस्न सक्छन र उनीहरूले पर्याप्त पोषण प्राप्त नगरेपनि उनीहरूको पेट भरिएको जस्तो लाग्छ र निदाउछन्।



**6** कृपया आफ्नो बच्चालाई नजिकैको स्माइल ट्रेन केन्द्रमा लैजानको लागि नबिर्सनुहोस्। केन्द्रमा रहनुभएको चिकित्सकले बच्चाको जाँच गर्नुहुनेछ र शल्यक्रिया गर्नको लागि अस्पतालमा कहिले आउने भन्नुहुनेछ।



सिधा आसनमा बसेर बच्चालाई खुवाउनुहोस्।



दुधको मुन्टोलाई मुखको नकाटिएको भागमा राख्नुहोस्।



दुधको प्रवाह वृद्धि गर्नको लागि स्तनलाई हल्का निचोर्नुहोस्।



बालबालिकालाई सामान्यभन्दा धेरै खुवाउनुहोस् र डकार निकाल्नुहोस्।

**7** **यदि स्तनबाट दुध खुवाउनको लागि सम्भव छैन भने,** आमाले बच्चालाई अन्य माध्यममार्फत दुध खुवाउन जारी राख्नु आवश्यक हुन्छ। केही उपायहरू निम्न हुन:





बच्चालाई चम्चा वा बोतलबाट दुध खुवाउनको लागि आमाले स्तनबाट दुध निचोर्न सक्नुहुन्छ।



दुधको प्रवाह वृद्धि गर्नको लागि आमाले दुध खुवाउने बोतलको मुन्टोलाई हल्का ठूलो पार्न सक्नुहुन्छ।

**8** **यदि स्तनको दुध उपलब्ध छैन भने,** आमाले गाईको दुध वा प्याकेटको दुध प्रयोग गर्न सक्छन्। प्याकेटको दुधको लागि प्रयोग गरिएको गाईको दुध र पानी उमालिएको र सेलाएको छ भनि निश्चित गर्नुहोस्।








**9** **निश्चित गर्नुहोस् कि खुवाउनको लागि प्रयोग गरिएको कुनैपनि सामग्रीहरू** सफा छन् र कम्तिमा 10 मिनेटको लागि पानीमा उमालेर जीवाणु रहित बनाइएका छन्। फोहोर चम्चाहरू तथा बोतलहरूको कारणले ज्वरो र संक्रमण हुनसक्छ।



**10** **बच्चाहरूको शल्यक्रिया गर्नको लागि उनीहरूलाई राम्रोसँग पोषण दिनु महत्वपूर्ण हुन्छ।** आफ्नो लागि र आफ्नो बच्चाको लागि केले काम गर्दछ भनी आमाहरूले खाना खुवाउने विभिन्न उपायहरू प्रयोग गर्न प्रतिबद्ध हुनुपर्छ। यदि सम्भव भएमा बच्चालाई सिधा स्तनबाट दुध खुवाउनु राम्रो हुन्छ। केही उपायहरू निम्न हुन:

याद राख्नुहोस्, कुनैपनि स्माइल ट्रेन केन्द्रमा गरिने काटिएको ओठ तथा तालुको सबै उपचार पूर्णतया र सम्पूर्ण नि:शुल्क छ।




